प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# गण्डकी प्रदेश, प्रदेश कार्यालय

मालेपाटन, पोखरा

फोनः ०६१-५३२२७३

## छोटो अवधिको (३९० घण्टा) को सीपमुलक तालीम संचालन सम्वन्धमा परिषद्का आँगिक/साझेदारी/टेक्स र प्राविधिक धारका सामुदायिक विद्यालयहरुलाई अत्यन्त जरुरी सूचना ।

मितिः २०७६।०९।०९

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् , गण्डकी प्रदेश कार्यालय पोखराको चालु आ.व. २०७६।७७ को स्विकृत वार्षिक बजेट तथा कार्यक्रम अनुसार यस प्रदेश भित्रका ११ वटै जिल्लाका ८५ वटा स्थानीय तहसंग समन्वय गरी आवश्यकताका आधारमा ६००० जनालाई २० जनाको समूह बनाई स्थानीय आवश्यकताको आधारमा सीपमुलक तालीम संचालन गर्ने व्यवस्था भएकाले त्यस बहुप्राविधिक शिक्षालय/शिक्षालय/तालीम केन्द्र/टेक्स विद्यालय/प्राविधिक धारका सामुदायिक विद्यालय (९-१२) ले स्थानीय तहका निर्वाचित जनप्रतिनिधिसँग समन्वय गरी **छोटो अवधिको सीपमुलक तालीम संचालन कार्यविधि -२०७६** को प्रस्तावना ६ मा आधारित रहेर तपसिल बमोजिमका कागजात सहित मिति २०७६।०९।१५ गते भित्र यस प्रदेश कार्यालयमा वा इमेल ठेगाना ctevtgandaki@gmail.com मा आइपुग्ने गरी प्रस्ताव पेश गर्नुहुन अनुरोध छ । तालीमको क्षेत्र/कार्यक्रमहरु परिषद्को वेवसाइट www.ctevt.org.np मा समेत हेर्न सकिने छ ।

निर्देशक

तपसिलः

१. संस्थाको प्रोफाइल
२. यस पूर्व तालीम लिएकाहरुको रोजगारीको अवस्था
३. स्थानीय तहसंग समन्वय गरेको पत्र/बैठक माइन्युट/स्थानीय तहको माग पत्र
४. तालीम संचालन गर्ने पूर्व तालीका